## सिस्ने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्व)
## लुम्बिनी. प्रदेश, नेपाल

# गाउँपालिका डिजिटल पार्श्वचित्र (Village Profile) तयारिका लागि प्रस्तावपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७७।१०।२२)

सिस्ने गाउँपालिकाको आ. व. २०७७।०७८ मा स्विकृत वार्षिक विकास कार्यक्रम अनुसार गाउँपालिकाको पार्श्वचित्र तयार पार्नका लागि परामर्श सेवा खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्न ईच्छुक संस्थालाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निर्धारित शर्त तथा प्रस्ताव ढाँचा बमोजिम छुट्टाछुट्टै सिलबन्दी खाम सहित परामर्श सेवाको आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्न सूचना आह्वान गरिएको छ।

| सि. नं. | कामको विवरण | खरिद दस्तुर | धरौटी दस्तुर | लगत ईस्टिमेट (मु अ. कर सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिस्ने गाउँपालिकाको पार्श्वचित्र (Digital Village Profile) तयारी | १०००।- | ४२,५००।- | १७,००,०००।- | कार्यशर्त (TOR) |

तपसिल:

१. संस्था छनौट हुनको लागि आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने संस्था दर्ता भएको, नविकरण, सम्बन्धित विषय कार्य अनुभव भएको, VAT/PAN दर्ता भएको, नियमानुसार वार्षिक नविकरण भएको, आ. व. २०७६।०७७ सम्मको लेखापरिक्षण सम्पन्न गरेको र कर चुक्ता गरेको प्रमाणको प्रतिलिप र कालो सूचीमा नपरेको स्वघोषणा पत्र सहित पेश गर्नु पर्नेछ।

२. गाउँपालिकाले निर्धारण गरेको सूचकको आधारमा उपयुक्त संस्था छनौट हुनेछ। संस्था छनौट प्रक्रिया स्विकार गर्ने वा कुनै पनि समयमा पूर्ण वा आंशिक रुपमा रद्द गर्ने सम्पूर्ण अधिकार सिस्ने गाउँपालिकामा सिमित रहनेछ।

३. ईच्छुक परामर्शदाता कम्पनीले नेपाल सरकार, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको गाउँ तथा नगर वस्तुस्थिति विवरण तयारी कार्यविधि, २०७५ अनुसार यस गाउँपालिकाको वस्तुस्थिति विवरण तयार गर्नु पर्नेछ।

४. ईच्छुक परामर्शदाता कम्पनीले नेपाल सरकार, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विकास सहायता समन्वय शाखा अन्तर्गतको सूचना व्यवस्थापन प्रणाली सफ्टवेयर वा सूचना प्रविधिको उच्चतम प्रयोग गर्नुपर्नेछ।

५. आर्थिक तथा प्राविधिक प्रस्ताव सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२: ०० बजे सम्म पेश गरिसक्नु पर्नेछ। उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सोही समय भित्र पेश गरिसक्नुपर्नेछ।

६. पेश भएका प्रस्तावहरु सो सूचना प्रकाशन भएको मितिले १६ औं दिनको बेलुका ५:०० बजे प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सोही समयमा खोलिनेछ साथै प्रस्तावदाता अनुपस्थित रहेमा पनि प्रस्ताव खोल्न बाधा पर्नेछैन।

७. यस कार्यालयबाट प्रमाणित नभएका कार्यशर्तका सक्कल, म्याद नाघि आएमा वा रित नपुगेका प्रस्ताव उपर कुनै कारवाही हुनेछैन।

८. प्रस्तावको आधारमा माथि उल्लेखित कार्य गर्न एउटै संयुक्त वा छुट्टाछुट्टै प्रस्तावको छनौट गरिनेछ। गुणस्तर तथा लागत विधिद्धारा परामर्शदाता प्रतिस्पर्धा छनौट गरिनेछ।

९. संयुक्त उपक्रम (Joint Venture) को रुपमा प्रस्ताव पेश गर्न सकिनेछ।

१०. Smart App सहितको Digital Village Profile कम्तिमा दश १० वटा गा. पा. को तयार गरेको हुनुपर्नेछ।

११. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ। थप जानकारीको लागि सिस्ने गाउँपालिकाको वेबसाईट: www.sisnemun.gov.np वा फोन नं. ०८८-४१३०६४, ९८४७२१७६६३ वा गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

नि. प्रमुख प्रशासकीय अधिकृत